प्रतिदिन १७औं वार्षिकोत्सव

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १९ ॥ २०८१ फागुन ०९ गते शुक्रबार (21st Feb 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

भूतपूर्व सैनिकहरुको पुनर्वास भूमिमा भव्य सैनिक महोत्सव

झापा(प्रस) । भूतपूर्व सैनिकहरुको पुनर्वास भूमि बिर्तामोड- १० सैनिक बजारको पहिचानलाई उजागर गर्न बिहीवारदेखि भव्यरुपमा सैनिक महोत्सव शुरु भएको छ । तेस्रो संस्करणको रुपमा सैनिक महोत्सवलाई निरन्तरता दिइएको हो ।

बिहीवारदेखि फागुन १८ गतेसम्म तेस्रो संस्करणको सैनिक महोत्सव आयोजना गरिएको हो । बिर्तामोड नगरपालिकाको १० नं वडा कार्यालयको सहयोगमा वडा कार्यालयदेखि उत्तरपट्टि जातीय भेषभूषासहितको तेस्रो ऐतिहासिक सैनिक महोत्सव आयोजना गरिएको वडाध्यक्ष दुर्योधन गुरुङले बताए ।

यसअघि २०७५ मा पहिलो सैनिक महोत्सव र त्यसको अर्को वर्ष २०७६ मा दोस्रो सैनिक महोत्सव आयोजना गरिएको थियो । त्यसपछि कोरोना संक्रमणका कारण रोकिएको सैनिक महोत्सवलाई यस वर्ष निरन्तरता दिइएको वडाध्यक्ष गुरुङले जानकारी दिए । उनले भूतपूर्व सैनिकहरुको थलो ,बहुसंख्यक जातजातिको बसोबासस्थल , खेलाडीको उर्वरभूमि , महाभारतकालीन पोखरी र विभिन्न मठमन्दिर भएको ठाउँ सैनिक बजारको चिनारीलाई उजागर गर्न महोत्सव आयोजना गरिएको जानकारी दिए ।

सो महोत्सवलाई बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले उद्घाटन गरिन् । वडाध्यक्ष गुरुङको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , राजवंशी समाज विकास समितिका रुपेश राजवंशी , शिक्षक सावित्री गुरुङलगायतले महोत्सव सफलताको शुभकामना दिएका थिए । कार्यक्रममा बिर्तामोड- ४ का वडाध्यक्ष राहुल शर्मा , ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, मेला आयोजक समितिका संयोजक सन्तोष गुरुङ, महेन्द्रज्योति विद्यालयका प्रधानाध्यापक जयकुमार झा , विराट आधारभूत विद्यालयका प्रधानाध्यापक कृष्णकुमारी दुलाललगायतको उपस्थिति रहेको थियो । खिलेश्वरी पाण्डेले स्वागत गरेको कार्यक्रमको संचालन संचारकर्मी लीला अनमोलले गरेकी थिइन् । महोत्सव उद्घाटनअघि विभिन्न जातजातिको झाँकीले सैनिकबजार परिक्रमा गरेको थियो ।

महोत्सवमा विभिन्न जातजातिका भेषभूषाका ६ वटा र व्यापारिक २५ वटा स्टल रहेको महोत्सव आयोजक समितिका सचिव खुबराज भट्टराईले जानकारी दिए । त्यस्तै मनोरंजनका लागि विभिन्न खेलतमासाहरु रहेका छन् ।

महोत्सवका लागि सन्तोष गुरुङको अध्यक्षतामा १३ सदस्यीय मूल आयोजक कमिटी गठन गरिएको छ। त्यस्तै विभिन्न उपसमितिहरु पनि गठन गरिएको छ । यातायात व्यवस्थापनतर्फ बिमल राई , अतिथि सत्कारतर्फ तारा आपागाँई,भेषभूषा झाँकी ब्यवस्थापनतर्फ साबित्रा राजवंशी,टेन्ट ब्यबस्थापन तथा गेट निर्माणतर्फ देवेन्द्र दर्नाल,जलपानतर्फ बिमनप्रसाद राई,प्रचारप्रसारतर्फ खड्गबहादुर गुरुङ,स्वयंसेवक परिचालनतर्फ भोलानाथ पाण्डेको संयोजकत्वमा उपसमितिहरु गठन गरिएको छ। महोत्सवमा कमल खत्री, प्रीती आले, मेलिना राई,

राजनराज शिवाकोटी,रचना रिमाल,टीका प्रसाईं , राजेशपायल राईका साथमा स्थानीय कलाकारहरूको प्रस्तुति रहने प्रचार प्रसार उपसमितिका संयोजक खड्गबहादुर गुरुङले जानकारी दिए ।

२०२० सालमा तत्कालीन राजा महेन्द्रले इलाममा रहेका भूतपूर्व सैनिकका २ सय परिवारलाई त्यहाँ पुनर्वास गराएका थिए । पूर्वराजाको निर्देशनपछि भूतपूर्व सैनिकका परिवारले १६ सय बिगाह वनक्षेत्र आवाद गरी बस्ती बसाले र सोही बेलादेखि त्यहाँको नाम सैनिक रहन गएको हो ।

२० दिनदेखि बेपत्ता सुब्बाको शव खोल्सामा

झापा(प्रस) । विगत २० दिनदेखि बेपत्ता भएका झापा दमक २ बेलडाँगीका एक व्यक्तिको शव खोल्सामा फेला परेको छ ।

दमक २ बेलडाँगी घर भई हाल इलाम नगरपालिका ४ सिम्ले बस्ने वर्ष अन्दाजी ३६ का राजकुमार भनिने हर्कबहादुर सुब्बाको शव खोल्सामा फेला परेको हो । गत माघ १८ गतेदेखि घरबाट हिडेका सुब्बा बेपत्ता भएका थिए । घर फर्कि नआएपछि स्थानीयहरुले खोजतलास गर्ने क्रममा बिहीवार बिहान ९:३५ बजे इलाम ४ सिम्लेस्थित नक्कले खोल्सामा उनको शव फेला परेको हो । उनी विगत ६ महिनादेखि इलाम ४ सिम्ले बस्ने छिनकुमार सेङ्मीको घरमा बसेर गाउँघरमा काम गर्दै आएका थिए । सुब्बाको शवलाई कानुनी प्रकृया पुरा गरी पोस्टमार्टमको लागि जिल्ला अस्पताल इलाम पठाइएको इलाम प्रहरीले जनाएको छ ।

पाथीभरा क्षेत्रमा झडप

सुरक्षाकर्मीसहित १२ घाइते, ७ सेल अश्रुग्यास प्रहार

झापा(प्रस) । पदयात्रा गर्दै ताप्लेजुङको पाथीभरा मन्दिर पुगेका 'नो केबलकार' पक्षधर र सुरक्षाकर्मीबीच बिहीबार दिउँसो झडप भएको छ।

पाथीभराको केबलकार निर्माण क्षेत्रमा पुगेर 'नो केबलकार समूह'ले सुरक्षाकर्मीलाई ढुंगामुढा गरेपछि झडप भएको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए। उनका अनुसार झडपमा सुरक्षाकर्मीसहित १२ जना घाइते भएका छन्। घाइते हुनेमा सुरक्षाकर्मीको संख्या धेरै छ। प्रजिअ शर्माले स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीले ७ सेल अश्रुग्यास प्रहार गरेको जानकारी दिए। पाथीभरामा केबलकार निर्माणको विरोध गर्दै आएको समूह बिहीबार पदयात्रा गर्दै ठूलो फेदीबाट केबलकार निर्माणस्थलतर्फ गएको थियो।

शर्माका अनुसार निर्माणस्थल कब्जामा लिने भन्दै उक्त स्थानमा रहेका सुरक्षाकर्मीको घेरा तोड्न खोजेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले रोक्न खोजेका थिए। त्यसपछि विरोध गर्दै पुगेको समूहले ढुंगा हान्न सुरु गरेपछि झडप भएको उनको भनाइ छ।

उनका अनुसार झडपमा नेपाल प्रहरी र सशस्त्रका गरी ११ जना र प्रदर्शनकारीतर्फ १ जना घाइते भएका छन्।

दिउँसो ३.१५ बजे पाथीभरा केबलकारको बटम स्टेशनमा प्रहरीले तोकेको निषेधित क्षेत्रमा घेरा तोडेर आन्दोलनकारीहरु भित्र पस्न खोज्दा आन्दोलनकारी र प्रहरीबीच झडप भएको हो

ताप्लेजुङ फुङलिङ ११ काफ्लेपाटीस्थित केबलकार निर्माणस्थलको बटम स्टेशननजिक डाँडामा मुक्कुमलुङ ताःसेप चुम्भोका संस्थाहरु र अन्तरदलीय राजनैतिक पार्टीहरुको पूर्वघोषित कार्यक्रमअन्तर्गत "मुक्कुमलुङ बचाऔ पदयात्रा" आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी भई फिर्ता हुने क्रममा पदयात्रामा सहभागी अन्दाजी ३ सय जनाको समूहले निर्माणस्थलमा कोणसभा गर्न पाउनु पर्ने माग राखी संयुक्त प्रहरी टोलीमाथि ढुङ्गामुढा प्रहार गरेका थिए। पदयात्रीहरुले सुरक्षा घेरा तोडेर ढुङ्गामुढा प्रहार गर्दै निर्माणस्थलभित्र प्रवेश गरेपछि स्थितिलाई नियन्त्रणमा लिन माइकिङ गरी सम्झाई बुझाई गर्दा समेत नमानेकाले लाठीचार्ज, फुङलिङ नगरपालिकाको दमकलद्वारा पानीको फोहोरा र अश्रुग्यास प्रहार गरिएको प्रहरीले जनाएको छ।

यसैबीच पाथीभरा मुकुमलुङ क्षेत्रमा भएको झडपमा उद्दारका लागि गएका इन्सेक प्रतिनिधिसहित रेडक्रसका प्रतिनिधिलाई नो केवलकार समूहका कार्यकर्ताले आक्रमण गरेका छन् ।

फुङलिङ नगरपालिका-९ र १० स्थित काफ्लेपाटी क्षेत्रमा नो केवलकार समूहका कार्यकर्ताले इन्सेक प्रतिनिधि एलिना दियाली, नेपाल रेडक्रस सोसाइटी ताप्लेजुङका जिल्ला सभापति इन्द्र गुरुङ र उद्योग वाणिज्य संघ ताप्लेजुङका सभापति कमल लिम्बू सवार गाडीमा तोडफोड गरेका छन् ।

आन्दोलनकारीले अधिकारकर्मी सवार मे १ ज २५७९ को गाडी तोडफोड गरेका छन् ।

तोडफोडबाट गाडीको सबै सिसामा क्षति पुगेको छ । पाथीभरा क्षेत्रमा केबलकार बनाउँदा ऐतिहासिक पहिचान मेटिने भन्दै मुक्कुम्लुङ संयुक्त संघर्ष समिति र मुक्कुम्लुङ केबलकार खारेजी संघर्ष समितिले चरणबद्ध आन्दोलन गरिरहेका छन् । तर, ताप्लेजुङका जनप्रतिनिधिदेखि बहुसंख्यक स्थानीय भने केबलकारको पक्षमा छन्। केबलकार पक्षधरले केबलकार बन्नुपर्ने मागसहित यसअघि फुङलिङमा सद्भाव र्‍याली निकालेका थिए।

स्मृति दिवसमा सिके प्रसाईको योगदानको चर्चा

स्व. सि.के. प्रसाई
३५औं स्मृति दिवस
सि.के. चिन्तन प्रतिष्ठान

बिर्तामोड(प्रस) । संविधानसभा सदस्य एवं नेपाली कांग्रेस झापाका पूर्व सभापति सुधिरकुमार शिवाकोटीले सि.के. प्रसाईको वैचारिक क्षमता इन्साइक्लोपेडिया जत्तिकै रहेको बताएका छन् ।सि.के. चिन्तन प्रतिष्ठान झापाको आयोजनामा प्रतिष्ठान परिसरमा आयोजित सि.के. प्रसाईको ३१ औं स्मृति दिवस कार्यक्रमलाई सम्बोधन गर्दै शिवाकोटीले स्वर्गीय नेता कृष्णप्रसाद भट्टराईलगायतका अग्रज नेताहरुले पनि सि.के.को वैचारिक क्षमतालाई इन्साइक्लोपेडियासँग तुलना गर्ने गरेको स्मरण गर्दै यस्तो बताएका हुन् ।

'सि.के.सँग भएको वैचारिक क्षमतालाई नेपाली कांग्रेस पार्टीले पूर्णरुपमा उपयोग गर्न सकेन'-नेता शिवाकोटीले भने-'वि.पी., गणेशमान, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालाहरुले बारम्बार सि.के.लाई भेट्नुहुन्थ्यो । समसामयिक राजनीतिक विषयमा चर्चा गर्नुहुन्थ्यो ।' वि.पी. कोइरालाले नै छत्रकेशरी प्रसाई (भरतबाबु)को नाम सि.के. राखिदिएको पनि उनले सुनाए ।सि.के. प्रसाईसँग लामो समयसम्म सँगसँगै रहेर राजनीतिक कार्यक्रमहरुमा सहभागी भएका नेता शिवाकोटीले सि.के. प्रसाई नीति र सिद्धान्तप्रति प्रतिबद्ध निष्ठावान नेता रहेको चर्चा गरे ।

सर्वस्वहरणमा परेर निर्वासित जीवन विताउँदा उनले अत्यन्तै कष्ट भोग्नुपरेको स्मरण गर्दै नेता शिवाकोटीले भने-'राजाले आफूसँगै रहेर सत्ताको उपभोग गर्नसमेत प्रस्ताव गर्नुभएको थियो । तर उहाँले जनताको अधिकार स्थापना गर्ने र प्रजातान्त्रिक समाजवाद स्थापित गर्ने बाटो रोज्नुभयो ।' सि.के. प्रसाई लगायत भूविक्रम नेम्बाङ, मच्छिन्द्रबहादुर केरुङ, फत्तेबहादुर बुढाथोकी, रणकेशर बुढाथोकी, अमृतबहादुर आङदेम्बे, हर्षकुमारी थपलिया, हब्बुलाल राजवंशी, तुर्सा हेमरमलगायतका नेताहरुले प्रजातान्त्रिक समाजवादका लागि संघर्ष गरेकै कारण लामो समय निर्वासित जीवन ब्यतित गर्नुपरेको थियो ।

कार्यक्रमका विशेष अतिथि कांग्रेस केन्द्रीय सदस्य एवं प्रतिष्ठानका सल्लाहकार सुशिला ढकाल आचार्यले सि.के. प्रसाईले सबै जातजाति, लिङ्ग, वर्ग समुदायका मानिसलाई उत्तिकै महत्व दिएर पार्टीभित्र स्थान दिएको चर्चा गर्दै उनको विचार र ब्यक्तित्वको अनुशरण कांग्रेसी कार्यकर्ताले गर्नुपर्नेमा जोड दिइन्।

कार्यक्रमका विशेष अतिथि नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले वि.पी. कोइराला, सि.के. प्रसाईहरुले खनेको बाटोमा राजनीति हिडिरहेको चर्चा गर्दै बाटो नविराई हिड्न नेता/कार्यकर्तालाई आग्रह गरे । सि.के. प्रसाईको योगदान बचाइराख्न प्रसाई परिवार र नेपाली कांग्रेसको भूमिका प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले सि.के.ले आफ्नो जीवनकालमा जनताप्रतिको उत्तरदायित्व र त्यागको अफ्ठ्यारो बाटो रोजेको चर्चा गर्दै त्यही त्याग र बलीदानले उनी अनन्तकालसम्म बाँचिरहने धारणा राखे ।

कार्यक्रममा सि.के.चिन्तन प्रतिष्ठान स्थापनाको इतिहास र सि.के.का विचारहरु पुस्तक प्रकाशनबारे आफ्ना धारणा राख्दै प्रतिष्ठानका पूर्व अध्यक्ष लोकराज ढकालले निष्ठाको राजनीति सि.के.को परिचय भएको बताए ।

प्रतिष्ठानका उपाध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव लक्ष्मीप्रसाद आचार्यले गरेका थिए ।

शिवसताक्षीमा जहाँ आपत् त्यहाँ एमालेको राहत

दुधे(प्रस)।झापा शिवसताक्षी नगरपालिका-९ का नेकपा एमाले पार्टीका संगठित सदस्य नारदमणि पौडेलको घर फागुन ५ गते एकै छिनमा खरानी भयो । उनको घर मात्र खरानी भएन । भण्डारण गरेका अन्नपात, लत्ताकपडा र महत्वपूर्ण कागजपत्र पनि खरानी भयो ।

प्रहरीका अनुसार उक्त आगलागीको घटनामा पौडेलको करिव २ लाख ५० हजार बराबरको क्षति भयो । पौडेललाई परेको यो बज्रपातको घटनाले नेकपा एमाले शिवसताक्षीको ९ नम्बर वडा कमिटीलाई पनि स्तब्ध बनायो । पार्टी संगठित सदस्यलाई परेको यो विपत्तबाट माथि उठाउन वडा कमिटीले आर्थिक सहयोगको योजना बनायो ।

कोशीका आधाभन्दा बढी सहकारीले बुझाएनन् विवरण

झापा(प्रस) । कोशी प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय इनरुवाको नियमन क्षेत्रका ५० प्रतिशत सहकारी संस्थाले पनि रजिस्ट्रार कार्यालयमा विवरण बुझाएका छैनन् ।

रजिस्ट्रार तथा प्रशिक्षण कार्यालयले कोशी प्रदेशका एक हजार ७७ वटा सहकारी संस्थाको नियमन तथा अनुगमन गर्दै आएको छ । एउटा पालिकाभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाको अनुगमन तथा नियमनको जिम्मा रजिस्ट्रार कार्यालयले पाएको छ ।

प्रदेशका १४ जिल्लामध्ये भोजपुर र सोलुखुम्बुका कुनै पनि सहकारी संस्थाले आर्थिक वर्ष २०८०/८१ विवरण हालसम्म बुझाएका छैनन् । रजिस्ट्रार कार्यालयको तथ्याङ्क अनुसार भोजपुरमा २३ र सोलुखुम्बुमा १४ वटा विभिन्न प्रकृतिका सहकारी संस्था रहेका छन् । रजिस्ट्रारको कार्यालयका अधिकृत मनोज कार्कीका अनुसार माघ २८ सम्ममा प्रदेशका ४१३ वटा सहकारी संस्थाले मात्र विवरण बुझाएका छन् ।

विभागले सहकारी संस्थालाई आव सुरु भएको छ महिनाभित्र साधारण सभा गरिसक्न निर्देशन गरेको हुन्छ । यस्तै साधारण सभा भएको ३० दिनभित्र नियमनकारी निकायमा

❖ **बाँकी अन्तिम पृष्ठमा**

गौरीगञ्ज १ मा बाल सञ्जाल गठन

झापा(प्रस) । झापाको गौरीगञ्ज गाउँपालिका वडा नं. १ महाभारामा वडास्तरीय बाल सञ्जाल गठन गरिएको छ । बिहीवार एक कार्यक्रमका वीच प्रितम राजवंशीको अध्यक्षतामा ११ सदस्यीय बाल सञ्जाल निर्माण गरिएको हो । गौरीगञ्ज गाउँपालिका वडा नं. १ को आयोजना तथा विराट सामुदायिक अध्ययन केन्द्र, विर्तामोड झापाको सहजीकरणमा भएको सो कार्यक्रममा गौरीगञ्ज गाउँपालिका वडा नं. १ महाभाराका ७ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यार्थी तथा शिक्षकहरुको उपस्थिति रहेको थियो । गौरीगञ्ज गाउँपालिका वडा नं. १ वडा अध्यक्ष कार्तिकलाल राजवंशीको अध्यक्षता, वडा सदस्यद्वय कृष्णप्रसाद महतो र रेखा राजवंशी, इन्द्रेणी आधारभूत विद्यालय गौरीगञ्जका प्रधानाध्यापक शिवप्रसाद मैनाली, जनकल्याण आधारभूत विद्यालयका बाल सञ्जाल संरक्षक शिक्षक सोमनाथ काफ्ले, न्यू युनिभर्सल मा.वि.का शिक्षक अविरल राईलगायतका अतिथिहरुको उपस्थितिमा भएको सो कार्यक्रममा विद्यार्थी र शिक्षक गरी ४६ जनाको उपस्थिति रहेको थियो । बालमैत्री अभियानअन्तरगत बालमैत्री स्थानीय शासन कार्यक्रमसम्बन्धी अभिमुखीकरण तथा वडास्तरीय बाल सञ्जाल गठन कार्यक्रमको सहजीकरण विराट सामुदायिक अध्ययन केन्द्र विर्तामोड झापाका कार्यक्रम संयोजक अर्जुनकुमार पाठकले गरेका थिए । बालमैत्री स्थानीय सहजकर्ता मुकेश राजवंशीको सञ्चालनमा भएको सो कार्यक्रममा प्रधानाध्यापक शिवप्रसाद मैनाली, शिक्षक सोमनाथ काफ्ले, वडा सदस्य कृष्णप्रसाद महतोलगायतले मन्तव्य राखेका थिए । शिक्षकत्रय अविरल राई, शिवकुमार मैनाली र बैधनाथ मेहताको निर्वाचन मण्डलबाट निर्वाचित अन्य पदाधिकारी तथा सदस्यहरुमा उपाध्यक्ष चन्द्रावती महतो, सचिव अलेक्स राजवंशी, सहसचिव प्रवेश अधिकारी, कोषाध्यक्ष ज्ञानदेव राजवंशी, सदस्यहरुमा तुलसा शाह, धनुषा गोस्वामी, सोनिका महतो र सम्झना हास्दा रहेको बालमैत्री स्थानीय सहजकर्ता मनिता सुवेदीले जानकारी दिएकी छन् । हाल ९ सदस्यीय समिति निर्माण गरिएको र अन्य २ सदस्यहरु बाल सञ्जालको आगामी बैठकबाट पुरा गरिने स्थानीय सहजकर्ता सुवेदीले बताइन् । गौरीगञ्ज गाउँपालिकामा पालिकाको आयोजना र विराट सामुदायिक अध्ययन केन्द्र, विर्तामोड झापाको सहजीकरणमा गतबर्ष देखि बालमैत्री अभियान सञ्चालनमा रहेको छ । वि.सं. २०८३ पौष मसान्तभित्रको लक्ष्य राखी शुरु गरिएको अभियान अन्तरगत पालिकाका ६ वटै वडामा वडास्तरीय बालमैत्री स्थानीय शासन समितिहरु, टोल समितिहरु, वडास्तरीय बाल सञ्जालहरु गठन गरिएको र सबैको घरधुरी सर्वेक्षण कार्य पुरा गरी कम्प्यूटर प्रविष्टि समेत सकिएको कार्यक्रम संयोजक अर्जुनकुमार पाठकले बताए ।कार्यक्रमअन्तरगत यहि फागुन महिनाभित्र लगानी योजना निर्माण तथा बालबालिका पार्श्वचित्र तयारी गरिने र प्रचार प्रसारलाई समेत व्यापक बनाइने संयोजक पाठकले बताए ।"अर्को बर्ष हरेक समितिहरुको क्षमता विकास गर्दै कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ, प्रचारप्रसारलाई व्यापक गरिनेछ र सबै क्षेत्रहरुको समन्वय र सहकार्यमा निर्धारित समयमा गौरीगञ्ज गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य लिएका छौं" संयोजक पाठकले भने । हाल गौरीगञ्ज गाउँपालिकामा बालमैत्री अभियानअन्तरगत विराट सामुदायिक अध्ययन केन्द्रको सहजीकरणमा ४ जना स्थानीय सहजकर्ता गौरीगञ्ज गाउँपालिकामा कार्यरत रहेका छन् ।

फागुन २० देखि तेस्रो बुट्टाबारी च्यालेन्ज कप

झापा(प्रस) । स्थानीय फुटवल खेल क्षेत्रको विकास र खेलाडी उत्पादनका लागि प्रतियोगिता सञ्चालन गर्दै आएको झापाको बिर्तामोड-६ को बुट्टाबारी युनाइटेड क्लबले तेस्रो 'बुट्टाबारी च्यालेन्ज कप २०८१' गर्ने भएको छ ।

क्लवले यही फागुन २० देखि २७ गतेसम्म कोशी प्रदेश स्तरीय तेस्रो बुट्टाबारी च्यालेन्ज कप नक-आउट फुटवल प्रतियोगिता २०८१ आयोजना गरेको हो । क्लवले बिहीवार हरियाली खेल मैदानमा पत्रकार सम्मेलन गरी प्रतयोगिताको तयारीका बारेमा जानकारी दिएको थियो ।

प्रतियोगितामा गाईघाट युनाइटेड, विराटनगर सिटी, न्यू स्टार क्लब सुनसरी, रेडहर्ष फुटवल कनव इलाम, लेटाङ फुटवल क्लव, र झापाका तीन वटा टिम सहभागी हुने आयोजक बुट्टाबारी युनाइटेड क्लबका अध्यक्ष हिमाल कन्दङ्वाले बताए ।

प्रतियोगिताको बिजेताले २ लाख २ हजार २ सय २२ रुपैयाँ र उप-बिजेताले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने अध्यक्ष कन्दङ्वाले जानकारी दिए । प्रत्येक खेलको उत्कृष्ट खेलाडीलाई नगद ३ हजार पुरस्कार दिइनेछ ।

यस्तै बेष्ट प्लेयर १५ हजार, हाई स्कोरर १० हजार, राइजिङ प्लेयर १० हजार, वेष्ट गोल किपर १० हजार नगद पुरस्कारसहित ट्रफी मेडल, प्रमाणपत्र साथै अन्य पुरस्कारहरु प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिता सम्पन्न गर्न अनुमानित १९ लाख ५० हजार रुपैयाँ खर्च हुने र बिर्तामोड नगर, बिर्तामोड-६ वडा कार्यालयसहित संघसंस्था, खेलप्रेमी ब्यक्तित्वहरुको सहयोग रहने बताइएको छ । दोस्रो पुरस्कार कनकाई हस्पिटल बिर्तामोडले उपलब्ध गराउने अध्यक्ष कन्दङ्वाले बताए ।

क्लवका अध्यक्ष कन्दङ्वाको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा बिर्तामोड-६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, झापा जिल्ला फुटवल संघका अध्यक्ष भगीरथ आले (मामा) लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

स्वागत क्लवका बरिष्ठ उपाध्यक्ष मरिचमान राईले गरेको कार्यक्रमको सञ्चालन सचिव रबिन राईले गरेका थिए । कार्यक्रममा वडा सदस्य जीवन बास्कोटा, गीता रेग्मी, क्लवका सल्लाहकार आशिष बनलगायतको आतिथ्य रहेको थियो ।

Developing Trust & Sustainable It Soultion
FAST TRACK
IT SOLUTION
Branded Computers
Laptops
Smart Phones
Printers
CCTV Camera
Batteries
Accessories
Gadgets
OUR SERVICES
- Networking
- Software & Reprogramming
- Computer & laptop Accessories
- CCTV Camera & Security
- Mobile & Computer Repairing

Sanischare Road Luitel Complex Birtamod, Jhapa
☎ 023-532354
ftis075@gmail.com
www.ftis.com.np

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

मुल कार्यालय : बिर्तामोड – २ ,चारपाने (झापा)

क्यालेण्डर छपाइका लागि कोटेसन आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/०९

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मूल कार्यालय, विर्तामोड-२, चारपानेलाई बिक्रम सम्बत् २०८२ सालको तपशिल अनुसारको साईज तथा गुणस्तरमा भित्ते क्यालेण्डर छपाई गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/सप्लायर्सबाट आवश्यक कागजहरु संलग्न राखी ७ दिन भित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

तपशिल :

विवरण	भित्ते क्यालेण्डर
आवश्यकता संख्या	८०,००० वटा
क्यालेण्डर साईज	१२ इन्च x १८ इन्च
पाना संख्या	३ पाना (६ पेज)
पेपर	१५० GMS Art Board paper, हाईकोट पेपर
छपाईको रङ	मल्टी कलर
छपाई	दुबै साईड (प्रत्येक पन्नाको अगाडी र पछाडी २/२ महिनाको प्रिन्ट गर्ने)
बाईन्डिङ	Metal strip binding with hook

विवरणहरु :

१. फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हूनू पर्नेछ ।
२. फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नू पर्नेछ ।
३. कोटेशनमा फर्मको व्यवसाय प्रमाणपत्र, कर चूक्ता प्रमाणपत्र (आ.व. २०८०/२०८१), स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हूनू पर्ने छ ।
४. समय नाघि वा रीत पूरा नगरी प्राप्त भएको कोटेशनलाई मान्यता दिइने छैन ।
५. फर्महरुबाट प्राप्त कोटेशन सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन संस्थाको मूल कार्यालय बिर्तामोड - २ चारपानेमा खोलिने छ । यदि सो दिन बिदा पर्न गएमा सोको भोलीपल्ट शिलबन्दी कोटेशन खोलिने छ ।
६. छपाई गर्ने क्यालेण्डरको डिजाइन मुल कार्यालयको तर्फबाट हूनेछ । कोटेशन पेश गर्नू भन्दा अगाडी छपाई गर्ने क्यालेण्डरको नमुना मुल कार्यालयबाट लिन सकिने छ ।
७. कोटेशन स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सूरक्षित रहनेछ ।
८. कोटेशन प्रतिस्पर्धाबाट छनौट भएका फर्महरुले बोलकबोल रकमको ५ प्रतिशत धरौटी रकम संस्थाको खातामा जम्मा गर्नू पर्नेछ ।
९. क्यालेण्डर ढूवानी खच, यातायात खर्च र मजदूर खर्च सम्बन्धित फर्मले ब्यहोर्नू पर्नेछ साथै छपाई गरेका क्यालेण्डर संस्थाको मूल कार्यालयको स्टोरसम्म ल्याई भण्डारण गरी दिनू पर्नेछ ।
१०. फर्म संग क्यालेण्डर छपाई गर्ने संम्झौता भएको मितिले १५ दिनभित्रमा संस्थालाई क्यालेण्डर उपलब्ध गराई सक्नू पर्नेछ ।
११. क्यालेण्डरको फाइनल प्रिन्ट भन्दा अगाडी एक पटक संस्थामा ड्राफ क्यालेण्डर रुजू गराउनू पर्नेछ ।
१२. तोकिएको मापदण्ड अनूसार क्यालेण्डर छपाई नभएमा धरौटी रकम फिर्ता हूने छैन ।
१३. क्यालेण्डर छपाई संख्या आवश्यकता अनूसार थपघट हून सक्नेछ ।
१४. क्यालेण्डरको कोटेशन मुल कार्यालयबाट उपलब्ध हूनेछ ।

सहारा नेपाल (साकोस) लि.
मुल कार्यालय, बिर्तामोड-२, चारपाने
फो.न. ०२३-५३३४०८, ५३११९८

शिवसताक्षीमा...

वडा कमिटीले बनाएको योजनाले केही दिनमै मुर्तरुप पायो । अग्नि पीडित पौडेल परिवारलाई एमाले पार्टीले २९ हजार ३ सय रुपैयाँ नगदै हस्तान्तरण गर्यो । नेकपा एमाले शिवसताक्षी ९ ले गएको तिहारमा देउसी भैलो खेलेर १ लाख नगद संकलन गरेको थियो । सोही श्रोतबाट पार्टी संगठित सदस्य विपत्तमा परेको बेलामा आर्थिक सहयोग गरिएको पार्टीका वडा अध्यक्ष लोकनाथ (लोकेश) खनालले बताए ।

आर्थिक सहायता हस्तान्तरण कार्यक्रममा पार्टीका स्थानीय नेताहरू, वडा कमिटीका पदाधिकारी तथा स्थानीयबासीहरूको उपस्थिति थियो ।

आगलागीबाट प्रभावित परिवारलाई थप सहयोगका लागि विभिन्न संघ संस्थासँग पहल गरिने अध्यक्ष खनालले जानकारी दिए । पीडित पौडेलले खुल्ला आकास मुनिको बास भइरहेका बेला पार्टी वडा कमिटी ठिङग उभिदिँदा सबै पीडा भुलेको बताए ।

कोशीका...

लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्रसहित निर्णयको प्रतिलिपि बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

रजिस्ट्रार कार्यालयको तथ्याङ्क अनुसार झापाका ३३३ वटा सहकारी संस्था प्रदेशको नियमन क्षेत्रमा रहेका छन् जसमध्ये १४७ वटाले विवरण बुझाएका छन् ।

मोरङका १६५ वटा सहकारी संस्थाले विवरण बुझाएका छन् । मोरङमा प्रदेश कार्यालयको नियमनभित्र २७७ वटा सहकारी संस्था रहेका छन् । यसै गरी सुनसरीका १३१ मध्ये ५१ वटाले, इलामका ६६ मध्ये १६ वटाले, तेह्रथुमका ३४ मध्ये छ वटाले विवरण बुझाएका छन् ।

यस्तै धनकुटाका २९ मध्ये आठले, सङ्खुवासभाका २३ मध्ये चारले, ताप्लेजुङका २१ मध्ये तीनले, खोटाङका २२ मध्ये दुईले, ओखलढुङ्गाका २५ मध्ये दुईले, उदयपुरका ३२ मध्ये चार र पाँचथरका ४७ मध्ये पाँच वटाले विवरण बुझाएका छन् ।

रजिस्ट्रार कार्यालयले माघ २८ सम्ममा १६६ वटा सहकारी संस्थालाई जरिबाना गरेको छ । जरिबानाबाट एक लाख २१ हजार एक सय रुपियाँ राजस्व सङ्कलन भएको छ ।

कोशी प्रदेशमा बचत तथा ऋण सहकारी ४४७ वटा, बहुउद्देश्यीय १८१ वटा, कृषि २३८, दुग्ध २९, विद्युत् तथा वैकल्पिक ऊर्जा १७, सञ्चार १८, विशिष्टीकृत सहकारी संघ चार, विषयगत सहकारी संघ ६२ र विविध ८१ वटा सहकारी संस्था रहेका छन् । आव २०७९/८० मा पाँच सय सहकारी संस्थाले विवरण बुझाएका थिए भने ५७७ वटाले विवरण बुझाएका थिएनन् ।


Saurya Airlines
OM SAI PATHIBHARA HOSPITAL Your Life, Our Care
भद्रपुर झापा गोल्ड कप
गम्भीर राई स्मृति संस्करण
अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता
Saurya Airlines OM SAI PATHIBHARA HOSPITAL BHADRAPUR JHAPA GOLD CUP 2081 GAMBHIR RAI MEMORIAL EDITION
२०८१ फागुन ७ देखि १६ गतेसम्म
भद्रपुर ब्लेजर्स (आयोजक)
फागुन ७ / Feb 19
दार्जीलिङ पुलिस, भारत
फागुन ९ / Feb 21
नेपाल पुलिस क्लब
सेमिफाइनल फागुन १३ / Feb 25
न्यूरोड टिम
फागुन ११ / Feb 23
काउवार्न बाजार प्रगति संघ, बंगलादेश
झापा ११ एफसी
फागुन ८ / Feb 20
मच्छिन्द्र फुटबल क्लब
फागुन १० / Feb 22
चर्च बोइज युनाइटेड
सेमिफाइनल फागुन १४ / Feb 26
एपिएफ एफसी
फागुन १२ / Feb 24
ट्रान्सपोर्ट युनाइटेड, भुटान
फाइनल फागुन १६ / Feb 28
समय
दिनको २:३० बजेदेखि
स्थान
मेची रंगशाला, भद्रपुर, झापा
लक्ष्मण रामरेखा ढकाल स्मृति प्रथम पुरस्कार । अन्तर्राष्ट्रिय झापाली समाज दोस्रो पुरस्कार
प्रायोजक
Yeti Airlines TVS त्रिशक्ति पराजुली ग्यास SURYA PLY The Premium Plywood AIRPORT HOTEL BHADRAPUR-8, JHAPA Salt Trading Corporation Limited बिर्तामोड नगरपालिका SAMSUNG Himstar
संरक्षक भद्रपुर नगरपालिका
समन्वय झापा जिल्ला खेलकुद विकास समिति
आयोजक भद्रपुर झापा गोल्डकप
प्रत्येक दिन भाग्यशाली दर्शकहरुले एयरपोर्ट होटलमा डिनर २ जनालाई, चाँदीका सिक्काहरु, टि.भी. साथै फाइनलमा TVS मोटरसाइकल, सुनको सिक्री साथै विभिन्न उपहार प्राप्त गर्न सक्नु हुनेछ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

प्रजातन्त्रमाथि खेलवाड

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा मंगलबार पूर्वराजा ज्ञानेन्द्र शाहले सधैं झैं शुभकामना सन्देश सार्वजनिक गरे। सन्देशमा उनले प्रजातन्त्रको सार्थकता शब्द र नारामा मात्र सीमित नभई व्यवहारमा देखिनुपर्ने भन्दै प्रजातन्त्रले नागरिकको विश्वास जित्न नसकेको र जनताले आशा गर्ने शासन प्रणाली बन्न नसकेको बताए। शाहले राजा र जनताले मिलेर प्रजातन्त्रलाई सबल बनाउन गरेको योगदान स्मरण गर्दै प्रजातन्त्रको सफलताका लागि सबै वर्ग, समुदाय र व्यक्तिको पहिचान सुरक्षित हुनुपर्ने पनि बताए। 'निषेधको दृष्टिकोण राख्ने राजनीतिले प्रजातन्त्रलाई बलियो बनाउँदैन,' सन्देशमा उनले भनेका छन्, 'पक्ष–विपक्षको अहंकार, व्यक्तिगत स्वार्थ र हठवादले पनि प्रजातन्त्रलाई गतिशील बनाउन सक्दैन।'

सन्देशमा पूर्वराजाको चिन्ता देशको 'आर्थिक संकट, जनशक्ति पलायन र कमजोर राष्ट्रिय पहिचान'प्रति पनि देखियो। 'नेपालीको पसिना आफ्नै भूमिमा होइन, विदेशमा बगिरहेको छ, जन्मदै नेपाली नागरिक ऋणभारको बोझ बोकेर अघि बढ्न बाध्य छन्, शिक्षालयहरू र व्यापार–व्यवसाय कमजोर बन्दै गएका छन्', उनले सन्देशमा वर्णन गरेका छन्, 'हामीले इतिहासबाट पाठ सिकेर अगाडि बढ्नुपर्छ। देशको रक्षा, प्रगति र समृद्धिका लागि सबै नागरिक एकताबद्ध हुन जरुरी छ।'

शाहको सन्देशको सबैभन्दा महत्वपूर्ण पक्ष अन्त्यतिर देखिन्छ। उनी देशले यो अवस्थाबाट त्राण पाउने हो भने राजसंस्थालाई साथ दिन सम्पूर्ण नागरिकलाई आह्वान गर्छन्। 'अब समय आयो, राष्ट्र जोगाउने हो भने, राष्ट्रिय एकता कायम राख्ने हो भने, देशको समृद्धि र उन्नतिका निमित्त हामीलाई साथ दिन सबै देशवासीहरूलाई आह्वान गर्दछौं', उनी भन्छन्।

पूर्वराजाको यसपटकको सन्देशमा दुई वटा विषय प्रष्ट देखिन्छ। पहिलो समय, दोस्रो कार्य। शाह अब आफूहरू अर्थात् राजसंस्थाको समय आएको भन्छन्। २०६५ जेठ १५ गते देशमा गणतन्त्र घोषणा भएपछि पहिलोपटक पूर्वराजा शाहलाई अब आफ्नो समय आएको आभाष हुनु आफैंमा अर्थपूर्ण हो। त्यसैको फेरोमा उनले देशवासीलाई आफूलाई साथ दिन आग्रह पनि गरेका छन्। यो कार्यका लागि उनले देशको समृद्धि र उन्नतिलाई मुख्य अस्त्र बनाएका छन्।

शाहको यो सन्देशले देशमा राजतन्त्र चाहने शक्तिहरूमा ऊर्जा छाएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राप्रपा नेपाललगायतका दलहरूले सन्देश निकै अर्थपूर्ण, भावुक र सामयिक' भएको पूर्वराजालाई आफ्नो साथ र सहयोग गरेको प्रतिक्रिया दिइसकेका छन्। सामाजिक सञ्जालहरूमा राजा र राजतन्त्रवादीहरू सही समयमा राजाबाट यो सन्देश आएको र देशको भलोका लागि यही एकमात्र सूत्र हुने बताइरहेका छन्। सडकका केही विदुषक पात्र पनि राजाबाट मर्जी भएको यो ' ग्रीन सिग्नल'लाई ऐतिहासिक बनाउनुपर्ने भन्दै यो रापतापमा रोटी सेक्न उद्दत छन्।

वनडढेलो नियन्त्रण सचेतना

• यज्ञनाथ दाहाल

भर्खरै अमेरिकाको लस एन्जलसमा लागेको भीषण आगलागीको कहालीलाग्दो दृश्यबाट विश्वभर एवं नेपालमा पनि त्यसको मनोवैज्ञानिकस्तरमा ठुलो असर पर्‍यो । जनवरी ७ देखि ३१ सम्म लागेको सो आगलागीका कारण करिब १८ हजार घर संरचना ध्वस्त भएका र २३ हजार हेक्टर भूमिमा आगो लागेको पछिल्लो अध्ययनले देखाएको छ । करिब दुई लाख मानिसलाई अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था आइपरेको थियो । सो आगलागीबाट कम्तीमा पनि २९ जनाको ज्यान गएको थियो । आगोको फैलावट कुनै दिन त एक सय माइल प्रतिघण्टाको दरमा फैलिएको अभिलेखसमेत छ ।

सुक्खायाममा संसारभरि रहेको करिब ३० प्रतिशत वन क्षेत्रमध्ये प्रत्येक वर्ष करिब चार प्रतिशत वन क्षेत्रमा डढेलो लाग्ने गरेको एक अध्ययनले देखाएको छ । नेपालकै सन्दर्भमा विज्ञहरूको एक अध्ययन प्रतिवेदनमा उल्लेख गरिए अनुसार सन् २००१ देखि २०२० सम्ममा नेपालमा प्रतिवर्ष औसतमा एक लाख ७२ हजार हेक्टर वन क्षेत्रमा डढेलो लाग्ने गरेको थियो । यसबाट प्रतिवर्ष ७० लाख टन जैवीय पिण्डको क्षति भएको र ३३ लाख टन कार्बन उत्सर्जन प्रतिवर्ष भएको भन्ने उक्त प्रतिवेदनले उल्लेख गरेको छ । नेपालमा यही माघमा देशभरि कुल दुई सय वटा वनडढेलो लागेकोमा संरक्षित क्षेत्रमा ७६ वटा (३८ प्रतिशत) र संरक्षित क्षेत्रबाहिर १२४ (६२ प्रतिशत) लागेको देखिन्छ । तीमध्ये बागमती प्रदेशका धादिङ, रसुवा, काभ्रेपलाञ्चोक र सिन्धुलीमा गरी १५ वटा (७.५ प्रतिशत) वनडढेलो घटना भएको देखिएको छ । आगामी दिनमा डढेलोका घटना अझ बढेर जाने छ । प्रस्तुत पृष्ठभूमिमा हेर्दा वनडढेलो नेपाललगायत विश्वभरि नै एउटा बृहत्तर चुनौती र जोखिमका रूपमा बढ्दै गएको देखिन्छ ।

वनडढेलो लाग्नुको प्रमुख पक्ष

वनडढेलो लाग्नका लागि मुख्यतः तीन पक्षले काम गरेको हुन्छ । आगो लाग्न पहिलो पक्ष इन्धनका रूपमा सुक्खा पातपतिङ्गर, हाँगाबिँगा, घाँस, खर, बाबियो जस्ता चिज हुन्छन् । आगो लाग्नका लागि चाहिने सुक्खा आर्द्रता अर्को पक्ष हो र हावामा रहने अक्सिजन तेस्रो पक्ष हो; जसलाई सरलताका लागि ' अग्नि त्रिकोण' भनेर नामकरण पनि गरिएको छ । वनमा लाग्ने आगलागीका लागि विभिन्न पक्षले प्रभाव पारिरहेको हुन्छ । पानी नपरी सुक्खामा ठुलो मात्रामा सुकेका पातपतिङ्गर र हाँगाबिँगा थुप्रिएर रहँदा आगलागीको ठुलो जोखिम हुन्छ । तीव्रतर चल्ने वायुको वेगले पनि आगलागीको फैलावटमा सहयोग पुर्‍याउँछ । लामो समय पानी नपरी जमिनमा चिस्यानको मात्रामा कमी आउँदा पनि वनडढेलोको प्रकोपमा बढोत्तरी हुन्छ । चट्याङ पर्दा वा ज्वालामुखीको विस्फोटबाट लाग्ने प्राकृतिक कारणको वनडढेलो भए पनि नेपालको हकमा मान्छे नै आगलागीको प्रमुख कारण हो । गाईवस्तुका लागि चरन क्षेत्रमा घाँस पलाउने उद्देश्यले, जडीबुटी खोजी गर्ने, सिकार गर्ने, मनोरञ्जन वा पिकनिक जाँदा प्रयोग गरिएको आगो ननिभाउँदा वा धूमपान गरी चुरोट वा बिँडीको ठुटो वनजङ्गलमा फाल्दा वनमा डढेलो लाग्ने गरेको छ । कतै कतै अवैध रूपमा बोटवृक्ष काटी सोको प्रमाण नष्ट गर्ने उद्देश्यले पनि वनमा डढेलो लगाउने गरिएको छ । मान्छेले जानी जानी वा लापर्बाही गरेर वन क्षेत्रमा आगलागी हुने गरेको छ ।

वनडढेलोको प्रतिकूल प्रभाव

हरेक वर्ष वन क्षेत्रमा लाग्ने आगलागीबाट हामीले बृहत्तर खालका वातावरणीय, आर्थिक तथा सामाजिक क्षति बेहोरिरहेका छौँ । वनमा लाग्ने आगलागीबाट विभिन्न प्रकारका बोटबिरुवा, वन्यजन्तु र तिनका वासस्थानमा क्षति पुग्दा स्थानीय पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने विविध प्रकारका सेवाको सततः आपूर्तिमा व्यवधान पुग्छ । सङ्कटग्रस्त, दुर्लभ र लोपोन्मुख प्राणी तथा वनस्पतिको विनाश हुन पुगी उनीहरू यो पृथ्वीबाटै हराएर जान सक्ने अवस्था उत्पन्न हुन पुग्छ । यसबाट हामीले भविष्यमा ठुलो आर्थिक तथा वातावरणीय नोक्सानीसमेत बेहोर्नुपर्ने हुन्छ । वनडढेलोका कारण वायुमण्डलमा हरितगृह ग्यासको उत्सर्जनमा थप योगदान पुगी जलवायु परिवर्तनले ल्याउने जोखिम बढेर जाने देखिन्छ र नेपालले सन् २०४५ सम्ममा लिएको शून्य कार्बन उत्सर्जनको लक्ष्यमा समेत व्यवधान पुग्न सक्छ । जलवायु अनुकूलनका निमित्त लिइएका रणनीतिमध्ये अधिकांश प्रकृतिमा आधारित सामाधानमा निर्भर रहेकाले वनडढेलोको कारणबाट यो अनुकूलनको लक्ष्य प्राप्तिमा समेत अवरोध पैदा हुन सक्छ । नेपालसमेत पक्ष राष्ट्र रहेको सन् २०१५ बाट कार्यान्वयनमा आएको सन् २०३० सम्मको १५ बर्से दिगो विकास लक्ष्य प्राप्तिका लागि लिइएका रणनीतिमध्ये अधिकांश जैविक विविधता क्षेत्रसँग सरोकार राख्ने रहेकाले नेपालका वनजङ्गलमा बर्सेनि लाग्ने वनडढेलोको प्रकोपबाट दिगो विकास लक्ष्य प्राप्तिमा समेत बाधा व्यवधान खडा हुने छ । वनडढेलोका कारण जमिन नाङ्गिन पुग्दा तत्कालै वर्षा भएमा सो क्षेत्रमा विशाल भूक्षय भई मलिलो माटो बग्ने, भूस्खलन हुने जस्ता प्राकृतिक विपत्ति आउन सक्छन् । यसका अतिरिक्त आगलागी भएको क्षेत्रमा माटोको संरचना र बनोटमा

समेत परिवर्तन हुन पुगी कतिपय महत्वपूर्ण प्रजातिका बिरुवा उम्रन नसक्ने अवस्थासमेत उत्पन्न हुन पुग्छ । वनको आगलागीले गर्दा स्थानीय बसोबासका क्षेत्रमा समेत आगलागी भई ठुलो मात्रामा जनधनको क्षति भइरहेको छ । आगलागीबाट स्थानीय वायुमण्डलमा कुहिरो, तुवाँलोको कारणले स्थानीय जनजीवन प्रभावित हुने र वायु प्रदूषणका कारण विभिन्न प्रकारका श्वासप्रश्वाससँग सम्बन्धित रोगको सङ्क्रमण हुन पुगी मानवीय स्वास्थ्यमा प्रतिकूलतासमेत ल्याउने छ । स्थानीय सुन्दर हरियाली परिवेशमा क्षति हुन पुगी पर्यापर्यटनसँग सम्बन्धित उद्यमशीलतामा समेत व्यवधान पुग्न जान्छ ।

वनडढेलोको नियन्त्रण र व्यवस्थापन

वन विज्ञानमा वनडढेलोको अध्ययन अध्यापन गराउँदा एउटा महत्वपूर्ण भनाइ अनवरत भनिन्छ, "आगो असल सेवक तर खराब गुरु हो ।" वन व्यवस्थापनमा वनडढेलो एउटा व्यवस्थापकीय साधनका रूपमा प्रयोग गर्न सकिन्छ । सुक्खा मौसमको सुरुवातीअगाडि नै पातपतिङ्गर झरेर धेरै जम्मा हुनुभन्दा पहिल्यै निर्देशित र नियन्त्रित रूपमा वनमा आगो लगाउनाले वनको पुनरोत्पादन चाँडै आउनमा सहयोग पुग्छ र केही वन्यजन्तुका लागि अनुकूल वासस्थानसमेत सिर्जना हुन पुग्छ । यस्तो नियन्त्रित आगो वन व्यवस्थापनको साधन बन्न पुग्छ । यसका लागि विभिन्न वातावरणीय पक्षमा ध्यान पुर्‍याउनु आवश्यक छ ।

नेपालको सन्दर्भमा वनमा लाग्ने डढेलो मान्छेबाटै सिर्जना हुने हुँदा वनमा आगो लगाउँदा हुने क्षति र नोक्सानीप्रति आमजनसमुदाय संवेदनशील र सचेत हुनु वनडढेलोको रोकथाममा पहिलो सर्त हो । आगोको सानो झिल्कोले व्यापक विनाश ल्याउने र यस्तो आगो व्यापक रूपमा फैलिँदा नियन्त्रण गर्न कठिन भई विशाल स्रोतसाधनको उपयोग गर्नुपर्ने अवस्था आउन सक्छ । आगो लाग्नै नदिने उपायका रूपमा सार्वजनिक सचेतना यस सन्दर्भमा महत्वपूर्ण हुन्छ । वनजङ्गलको महत्व र उपादेयता, यसको नोक्सानी हुँदा भोग्नुपर्ने आर्थिक, सामाजिक तथा वातावरणीय पीडाको विषयमा आमसर्वसाधारणलाई सचेत र जागरण गराउन सकिएमा वनमा आगो लाग्ने सम्भावना न्यून भएर जान्छ । नेपालको वन व्यवस्थापनमा समुदायमा आधारित व्यवस्थापन पद्धति अवलम्बन गरिएको र हाल ३० हजारभन्दा बढी नै स्थानीय वनसमूह गठन र क्रियाशील रहेकाले यस्ता समूहका समिति पदाधिकारीले वनडढेलो लाग्न नदिन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । वनडढेलो लाग्ने सिजन प्रमुखतः फागुनदेखि सुरु भएर जेठसम्म हुने हुँदा आगलागी सिजन सुरु हुने महिनाभरि नै सामुदायिक वन समूह, स्थानीय वन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय प्रशासनिक निकायले वनडढेलोको विषयमा व्यापक प्रचारप्रसार अभियान सञ्चालन गर्नु पर्छ । स्थानीय वन कार्यालय, समूह र सुरक्षा निकायले आगलागी धेरै र बारम्बार भइरहने क्षेत्रको पहिचान र नक्साङ्कन गरी त्यस्ता जोखिम क्षेत्रमा जनचेतना जगाउन जरुरी छ ।

स्थानीय वन कार्यालयमा वनडढेलो नियन्त्रणका लागि चाहिने आर्थिक स्रोत र आवश्यक सवारीसाधन तथा अन्य उपकरण ज्यादै नै न्यून भएकाले प्रदेश सरकारहरूले यस विषयमा ध्यान केन्द्रित गरी वनडढेलो नियन्त्रणका लागि यसमा संलग्न रही सरोकार राख्ने कार्यालय र संघ संस्थालाई यथोचित बजेट र स्रोतसाधनको व्यवस्था मिलाइदिनुपर्ने हुन्छ । केन्द्र सरकारबाट समेत वनडढेलो नियन्त्रणका लागि आवश्यक स्रोतसाधनको प्रबन्ध प्रदेश सरकार तथा स्थानीय सरकारलाई मिलाइदिनु पर्छ । हरेक स्थानीय तहले पनि आफ्नो स्थानीय तहमा रहेका वनजङ्गलमा लाग्ने वनडढेलो नियन्त्रणका निमित्त आवश्यक स्रोतसाधनको प्रबन्ध गरी स्थानीय वन कार्यालय, सुरक्षा निकाय, स्थानीय सामाजिक सङ्घ संस्थासँग समन्वयात्मक ढङ्गले कार्यसम्पादन गर्नु पर्छ ।

वन क्षेत्रमा लाग्ने कतिपय वनडढेलो नियन्त्रण गर्न नसक्नु र आगलागी भएमा फैलिन नदिने व्यवस्था गर्न नसक्नुमा वन क्षेत्र प्रभावकारी व्यवस्थापनको मोडेलमा जान नसकेरसमेत हो । दिगो वन व्यवस्थापन पद्धति अनुसरण गरी वन क्षेत्रलाई विभिन्न खण्ड, उपखण्ड र मिनी खण्डमा विभाजन गरी वनपथ र अग्निपथ निर्माण गरी आगलागीको सुरुवाती सिजनमा यस्ता विभिन्न वनपथको किनारामा निर्देशित आगलागी गराउन सकिएमा वनडढेलो लाग्दै नलाग्ने तथा एउटा खण्ड वा उपखण्डमा आगो लागिहाले पनि अन्यत्र फैलँदैन । नेपालका सबै वनलाई दिगो वन व्यवस्थापनको पद्धतिमा रूपान्तरण गर्नु नै दीर्घकालीन रूपमा वनमा लाग्ने आगलागी नियन्त्रण गर्ने प्रमुख रणनीति हो । अर्को पक्ष वनमा लागेको आगो निभाउने क्रममा मानवीय क्षतिसमेत भएको छ । वनमा लाग्ने आगोको व्यवहार, स्थानीय भूपरिवेशको अवस्था र वायुको गति, दिशा र प्रभावको ज्ञान नहुनाले बढी क्षति पुगेको छ । आगलागी नियन्त्रणमा खटिने मानवीय स्रोतलाई आगो नियन्त्रणका विषयमा पर्याप्त तालिम र प्रशिक्षण उपलब्ध गराउनु पर्छ । अग्नि नियन्त्रणका आधुनिक उपकरणले समेत सुसज्जित तुल्याउनु आवश्यक छ ।

वन क्षेत्रमा लाग्ने वनडढेलोको नियन्त्रणको निमित्त आमसार्वजनिक सचेतना जागरण अभियान पहिलो सर्त हो । वनको दिगो व्यवस्थापनको मोडेल अवलम्बन गर्नु अग्नि नियन्त्रणको दीर्घकालीन रणनीति हो । वनडढेलो नियन्त्रणका लागि पर्याप्त स्रोतसाधन र आवश्यक प्रशिक्षण तथा तालिमको व्यवस्थापन र केन्द्र, प्रदेश एवं स्थानीय सरकार तथा स्थानीय वनसमूह, संघ संस्थाको बिचमा प्रभावकारी समन्वय र सूचनाको आदानप्रदान वन आगलागी नियन्त्रणका महत्वपूर्ण पक्ष हुन् ।

विश्वविद्यालय सञ्चालनको प्रारूप

• प्राडा शान्तिकृष्ण अधिकारी

नेपालका विश्वविद्यालयको सञ्चालन मोडालिटीमा व्यापक परिवर्तन आएको छ । विश्वव्यापी प्रतिस्पर्धालाई आत्मसात् गर्ने दिशामा नभई राजनीतिक स्वार्थ पूरा गर्ने क्रियाकलापतिर विश्वविद्यालय प्रयोग भइरहेका छन् । उपकुलपतिको नियन्त्रण, निर्देशन र व्यवस्थापनमा सञ्चालित हुनुपर्ने विश्वविद्यालयमा राजनीतिक दलको प्रत्यक्ष छाया पर्दै जाँदा दलहरूका भ्रातृसंस्थाका नेताको प्रत्यक्ष नियन्त्रणमा विश्वविद्यालयका कामकारबाही अघि बढ्न थालेका छन् ।

विसं २०१६ मा नेपालमा पहिलो पटक विश्वविद्यालयको स्थापना गरियो । राणाकालमै त्रिचन्द्र कलेजको स्थापना गरिएको भए पनि पहिलो जनआन्दोलनले सफलता प्राप्त गरेपश्चात् मात्रै त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्थापना हुन पुगेको थियो । नेपाल पूर्वीय दर्शनको अध्ययन अध्यापनको मूलकेन्द्र भएकाले विसं २०४३ मा नेपाल संस्कृत विश्वविद्यालय (नेसंवि) को जन्म हुन पुग्यो । विसं २०४६ को जनआन्दोलन सफल भएपछि भने नेपालमा विश्वविद्यालय खुल्ने लहर नै चलेको छ, विश्वविद्यालयको संख्या ११ पुगेको छ । मुलुक प्रादेशिक संरचनामा गएपछि त प्रादेशिक विश्वविद्यालयसमेत खुलिसकेका छन् र यस्ता विश्वविद्यालय दुई वटा छन् । साथै विश्वविद्यालय सरहका पाँच वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा छन् । यतिले पनि नपुगेर संसद्मा विधेयक पेस भइसकेका र स्थापना गर्न प्रयास गरिएका थुप्रै विश्वविद्यालय छन् ।

त्रिभुवन विश्वविद्यालय स्थापना हुने बेलामा पढेलेखेका मानिसको संख्या निकै कम थियो । त्यतिबेला को उपकुलपति हुने र कस्तालाई उपकुलपति बनाउँदा उपयुक्त हुन्छ भन्ने चर्चा हुने अवस्था नै थिएन । उच्चशिक्षा प्राप्त व्यक्ति त मुखैले गन्दा पनि सम्भव हुने बेलामा प्रथम उपकुलपतिका रूपमा नेपाली कांग्रेसका नेता सुवर्णशमशेरलाई नियुक्त गरिएको थियो । राजनीतिक पृष्ठभूमि भए पनि योग्य, शिक्षित र सौम्य व्यक्तित्वका साथै मुलुक निर्माणको दृष्टिसमेत भएका कारण उनको नियुक्तिलाई सर्वाधिक उचित ठानिएको हुन सक्छ ।

तत्पश्चात् कहिले त्रिभुवन विश्वविद्यालयकै प्राध्यापकबाट त कहिले प्रशासनमा दक्षता कायम गरेका व्यक्तिबाट विश्वविद्यालयको सर्वाधिक उच्च पदाधिकारी नियुक्ति गरिएको इतिहास छ । विसं २०१७ मा पञ्चायती व्यवस्था लागु गरिएपछि विशेष गरी पञ्चायत व्यवस्थाको समर्थनमा रहेका प्राज्ञिक व्यक्तित्वबाटै त्रिविको उपकुलपति चयन गरिए । राजाको भक्तिगानबिना कुनै अवसर नपाउने अवस्था र व्यवस्था भए पनि पञ्चायतकालमा नियुक्त उपकुलपतिका योग्यता र क्षमताका बारेमा त्यति धेरै प्रश्न उठेको जानकारीमा आएको छैन ।

राजाको शासन रहँदासम्म त्रिभुवन विश्वविद्यालयमा कुलपति राजा नै हुने गर्दथे । कुलपतिले शिक्षामन्त्रीको संयोजकत्वमा तीन सदस्यीय उपकुलपति सिफारिस समिति गठन गर्दथे र सो समितिले तीन जना सम्भावित व्यक्तिको नाम सिफारिस गर्दथ्यो । तिनै मध्येका एक जनालाई कुलपतिले उपकुलपति नियुक्त गर्दथे । दरबारको संयन्त्रबाट कुनै नाम आएमा त्यसै नामलाई सिफारिस गरिएको हुन्थ्यो भने अन्यथा वरिष्ठ र योग्य नै व्यक्ति चयन गरिएको पाइन्थ्यो । शासन सत्ता निरङ्कुश भए पनि विश्वविद्यालयको नेतृत्व चयनमा त्यति धेरै अतिशयोक्ति देखिन्थेन ।

नेपाल संस्कृत विश्वविद्यालयमा भने राजाका कालमा एक पटक मात्रै उपकुलपति नियुक्त भए । नेसंविका प्रथम उपकुलपति प्रा. हरिदेव मिश्र थिए । उनलाई संस्कृतका सबै विद्वान्ले स्वीकार गरेको अवस्था थियो । त्यसपछि भने विसं २०४६ मा जनआन्दोलन सफल भयो र देशभरिका सबै विश्वविद्यालयमा प्रजातान्त्रिक सरकारहरूबाटै उपकुलपति नियुक्त हुँदै आएका छन् । विसं २०६३ अघिसम्म संवैधानिक राजतन्त्र थियो र यी दुई विश्वविद्यालयका कुलपति राजा नै थिए तर राजाको निर्देशन, हस्तक्षेप आदि भने गौण भइसकेको थियो ।

पञ्चायतकालभरि उपकुलपति नियुक्त भएपछि विश्वविद्यालयका शिक्षाध्यक्ष र रजिस्ट्रार नियुक्त गर्ने जिम्मेवारी विशेष परिस्थितिबाहेक उपकुलपतिकै हातमा रहने गरेको थियो । राजाकै कसैमाथि चाहना भए वा प्रधानमन्त्री वा शिक्षामन्त्रीले नै चाहँदाको अवस्था त बेग्लै थियो तर यस्ता अवस्था बिरलै मात्र आउँथे । यदाकदा दरबारबाट आएका निर्देशनलाई पालना गर्नुदेखि बाहेक विश्वविद्यालयको नेतृत्व गर्न र सञ्चालन गर्न उपकुलपतिहरू स्वतन्त्र सरह नै थिए । समग्र विश्वविद्यालयको प्रणाली उपकुलपतिको नियन्त्रणमा नै रहने गर्दथ्यो ।

बहुदलीय व्यवस्थाको सूत्रपात भएपछि पनि विश्वविद्यालय सञ्चालनको प्रक्रियामा कुनै फेरबदल ल्याइएको छैन । मुलुक गणतन्त्रमा गएपछि पनि विश्वविद्यालयको कुलपति राजाबाट प्रधानमन्त्रीमा ल्याउनुबाहेक त्यस्तो तात्त्विक असर पार्ने खालको कुनै परिवर्तन गरिएको छैन । ऐन, नियम र कानुनले उपकुलपतिहरूलाई नै विश्वविद्यालयको पूर्णतः जिम्मेवार पदाधिकारीका रूपमा राखेका छन् तर वास्तविकता भने अर्कै हुन पुगेको छ । सञ्चानलको सम्पूर्ण जिम्मेवारी उपकुलपतिका काँधमा सुम्पिएको छ तर प्रत्यक्ष एवं अप्रत्यक्ष तबरले हातखुट्टा बाँधिएको पनि देखिन थालिएको छ ।

विश्वविद्यालयको ऐनले शिक्षाध्यक्ष र रजिस्ट्रार उपकुलपतिको सिफारिसमा कुलपतिले गर्ने भन्छ तर एउटै दलको सरकार छ भने प्रधानमन्त्री वा शिक्षामन्त्रीको निर्देशनमा उनीहरूले चाहेको व्यक्ति नियुक्त गर्न उपकुलपति बाध्य हुने गरेका छन् । आफूले रोजेको व्यक्तिलाई मातहतमा राखेपछि आफ्नो निर्देशनमा विश्वविद्यालय सञ्चालन गर्न सहज हुन्छ भन्ने मनशायले ल्याइएको यो व्यवस्थाको अतिक्र मण हुन पुगेको छ । अरूकै चाहनाको व्यक्तिलाई कजाउन पर्ने बाध्यतामा उपकुलपतिहरू पुगेको र कतिपय सन्दर्भमा असमञ्जसको अवस्था आइपरेको पनि देखिन्छ ।

विसं २०४६ देखि विसं २०६३ को अवधिमा नियुक्त उपकुलपति र अन्य पदाधिकारी हेर्दा पनि विश्वविद्यालयलाई तत्कालीन सरकारले त्यति धेरै अवमूल्यन गरे जस्तो देखिँदैन । मुलुक गणतन्त्रमा प्रवेश गरेपछि भने विश्वविद्यालयको हुर्मत लिने काम भएको छ भन्दा पनि अत्युक्ति हुँदैन । विश्वविद्यालयमा चयन हुने पदाधिकारी सक्षम, योग्य, वरिष्ठ र प्राज्ञिक हुनु पर्छ भन्ने मान्यतालाई ठाडै अस्वीकार गरिएको छ । विश्वविद्यालय सञ्चालनको मोडालिटीमै व्यापक परिवर्तन आएको अनुभव प्राज्ञिक क्षेत्रले गरेको छ ।

विश्वविद्यालयलाई राजनीतिक दलको भागबन्डाको क्षेत्र बनाइयो । उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रार तीन वटा पद भएका विश्वविद्यालयमा एउटा दलको एउटा मान्छे राख्ने र उपकुलपति र रजिस्ट्रार मात्रै भएका ठाउँमा दुई दलले भाग लगाउने र तेस्रो दललाई डिन, डाइरेक्टर यस्तै पद दिएर चित्त बुझाइदिने प्रचलनको सुरुवात गरियो । पदाधिकारी हुने योग्यता भनेको योग्यता र वरिष्ठता नभई राजनीतिक दलमा गरेको योगदान वा दलका नेताहरूको सेवा बनाइयो । यो प्रचलनको अन्त्य धेरै अघिदेखि धेरैले चाहे तर यसको व्यापकता झनै बढेको महसुस गरिएको छ ।

माथिल्ला तहका पदाधिकारी मात्रै नभएर तल्ला तहका क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख मात्रै होइन कि छात्रावासको सुपरीक्षकसमेत भागबन्डाकै आधारमा नियुक्त गर्न उपकुलपति बाध्य छन् । माथिल्ला

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

झापामा प्रविधिको प्रयोग गरेर चैत धान रोपिँदै

झापा(प्रस) । जिल्लाका आठ वटा पालिकामा कृषि ज्ञान केन्द्रले प्रविधिको प्रयोग गरेर ४८ बिघा जमिनमा यसवर्ष परीक्षणका लागि चैते धान रोप्ने भएको छ । परम्परागत खेती भन्दा मेसिनरीको प्रयोगले गरेको खेती सस्तो र उत्पादन समेत बढी हुने कुरा किसानलाई प्रत्यक्ष जानकारी दिने उद्देश्यले कृषि यान्त्रिकीकरण प्रदर्शन कार्यक्रम अन्तर्गत मेसिनबाट चैते धान रोपाइँ (प्रविधि प्रदर्शन) गर्न लागेको कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले जानकारी दिए ।

उनका अनुसार स्थानीय पालिकाहरूको सहयोगमा कृषक समूहरुको छनोट गरी केन्द्रले धमाधम हर्दिनाथ-१ चैते धानको ब्याड राख्न सुरु गरेको छ । छनोटमा माईपश्चिमबाट गौरीगञ्ज गाउँपालिका-९ को स्यालडाँगी उद्यमशील कृषक समूह, गौरादह नगरपालिका-९ को अजम्बरी कृषक समूह, शिवसताक्षी नगरपालिका-३ को विनायक कृषक समूह र कमल गाउँपालिका-१ को पिपलगाँछी कृषक समूह परेको उनले जानकारी दिए

यसैगरी माईपूर्व बुद्धशान्ति गाउँपालिका-३ को दिपज्योति कृषक समूह, अर्जुनधारा नगरपालिका-३ स्थित सिर्जना कृषक समूह, भद्रपुर नगरपालिका-३ को आपगाछी कृषि तथा पशुपालन फार्म र हल्दिबारी गाउँपालिका-४ स्थित अमराघुड्ड कृषक समूह अन्तरगत कृषियन्त्र प्रयोग प्रदर्शन गरिने भएको छ ।

बालबालिकाको क्यान्सर उपचारका लागि निःशुल्क औषधी

झापा(प्रस) । क्यान्सरपीडित बालबालिकाहरूले सर्वसुलभ रूपमा निःशुल्क औषधी पाउने भएका छन् । बिहीबार मन्त्रालयमा एक कार्यक्रम आयोजना गरी स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले क्यान्सरपीडित बालबालिकाहरूले सर्वसुलभ रूपमा निःशुल्क औषधी पाउने बताएका हन् । उनले क्यान्सरपीडित बालबालिकाको निःशुल्क उपचारको अभियान तीन महिनादेखि कार्यान्वयन भएको भन्दै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)लगायत संस्थाहरुले औषधी उपलब्ध गराएपछि थप सहज भएको बताए ।

Cancer Medicines (GPACCM)
Medic… andover C…
…ry 20, 20…

उनले भने, ‘‘चार वटा अस्पतालबाट बालबालिकाका लागि क्यान्सरको उपचार निःशुल्क भनेर तीन महिनादेखि नै कार्यान्वयन गर्दै आएका छौं । यसका लागि चारवटै अस्पताललाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । अब हामीलाई थप सहज भएको छ । डब्लुएचओ, युनिसेफ र सेन्ट जोर्श रिसर्च सेन्टरबाट औषधी प्राप्त भएको छ, त्यसले हाम्रो अभियानलाई सहज ढङ्गबाट सञ्चालन र कार्यान्वयन हुन स्थिति बनेको छ ।

यो मानवीय र भावनासँग जोडिएको कुरा भएकाले यसलाई व्यवस्थित ढङ्गबाट लक्षित समूहसम्म पुऱ्याउने काम हुन्छ ।’’

महासचिव खतिवडाद्वारा २१ हजार रुपैयाँ प्रदान

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडाले संघले स्थापना गरेको ‘व्यवसायी राहत कोष’का लागि २१ हजार रुपैयाँ प्रदान गरेका छन् ।

HAPPY
BIRTHDAY

आपत विपतमा परेका व्यवसायीलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको कोषमा खतिवडाले नगद सहयोग गरेका हुन् । उनले संघका अध्यक्ष राजु न्यौपानेलाई रकम हस्तान्तरण गरे । बिर्तामोड उद्योग वाणिज्य संघको कार्यालयमा श्रीमती निरुजा दाहाल खतिवडा र छोरी महिमाका साथ आएका महासचिव खतिवडाले कोषको रकम वृद्धिका लागि आफूले पनि अन्य व्यवसायीले जस्तै रकम सहयोग गरेको बताए । उनले कोष वृद्धिमा सहयोग पुऱ्याउने अन्य व्यवसायी र सामाजिक व्यक्तिलाई समेत धन्यवाद दिए ।

संघले आगामी दुई वर्ष भित्र कोषमा एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य लिएको समेत उनले बताए । त्यसका लागि संघका अध्यक्ष न्यौपाने सहितको सिङ्गो कार्य समिति लागि परेको खतिवडाले बताए ।

बिर्तामोड नगरपालिका वडा नम्वर ५ का वडा अध्यक्ष रोहित प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा महासचिव खतिवडाको सुस्वास्थ्य र दीर्घ जीवनको कामना गर्दै कदरपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रसाईले समेत संघले शुरु गरेको कार्यको उच्च प्रशंसा गर्दै आफ्नो जन्म दिन वाणिज्य संघमा मनाउने र केही रकम कोष वृद्धिका लागि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

संघका सचिव राजकुमार गुप्ताले संचालन गरेको कार्यक्रममा संघका विशिष्ठ सदस्य निर्मल भट्टराई, जिल्ला ट्राफिक कार्यालय झापाका प्रहरी निरीक्षक गणेश पौडेललगायतको आतिथ्यता रहेको थियो ।

विश्वविद्यालय...

तहका पदाधिकारी राजनीतिक दलका सभापति वा अध्यक्ष बसेर सहमतिमा नियुक्त गर्छन् भने तल्ला तहका पदाधिकारी दलका प्राध्यापक, कर्मचारी एवं विद्यार्थीका विश्वविद्यालयमा रहेका भ्रातृसंस्थाको सहमतिमा गरिन्छ । उपकुलपतिको काम भनेको माथिका राजनीतिक दलका नेता र दलका भ्रातृसंस्थाका पदाधिकारीलाई खुसी बनाउनुमा सीमित हुन पुगेको छ । विश्वविद्यालय सुसञ्चालन भन्ने त्यसपछिको प्राथमिकतामा पर्छ ।

यतिविधि चरम अवस्थामा विश्वविद्यालय र त्यसका पदाधिकारी पुगिसकेका छन् कि निवृत्त हुनका लागि शौचालय जान पनि संघ सङ्गठनका पदाधिकारीसँग सोधेर मात्रै पाउँछन् भने पनि हुन्छ । भोक लागेर खान जान पनि उनीहरूकै अनुमति बेगर जान पाइँदैन जस्तै भएको छ । एउटै कार्यालयको तल्लो तलामा बसेको कर्मचारीलाई माथिल्लो तलामा सरुवा गरियो भने उपकुलपतिलगायतका पदाधिकारीले आन्दोलनको आँधिबेहरी बेहोर्नुपर्ने वातावरण निर्माण भएको छ । सबै प्राध्यापक र कर्मचारी कुनै न कुनै सङ्गठनका सदस्य छन् । उनीहरूलाई तोकिएको जिम्मेवारीमा लगाउनै पनि सम्बन्धित सङ्गठनको अनुमति चाहिने अवस्था छ ।

सारमा भन्नुपर्दा विश्वविद्यालयको सञ्चालनको मोडालिटी नै फेरिएको छ । विश्वविद्यालयका उपकुलपति भनेको प्रथमतः अर्को दलका माध्यमबाट आएका शिक्षाध्यक्ष र रजिस्ट्रारको चाहनाबमोजिम चल्ने पद बनेको छ । विश्वविद्यालयका पदाधिकारी संघ सङ्गठनका नेताहरूको निर्देशनमा चल्नुपर्ने भएको छ । गणतन्त्रात्मक व्यवस्थामा सरकारले पठाएको जस्तोसुकै निर्णय पनि राष्ट्रपतिले सदर गर्नु परे जस्तै विश्वविद्यालयका उपकुलपतिले संघ सङ्गठनका निर्णयलाई कार्यान्वनय गर्नुपर्ने बनाइएको छ ।

यसै हो भने सरकारले विश्वविद्यालयका पदाधिकारी नियुक्त गरेर अतिरिक्त तलब, भत्ता, गाडी, घोडा किन दिने ? राज्यले जनताबाट उठाएको करबिना काममा किन खर्च गर्ने ? उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रार आदिको काम संघ सङ्गठनका अध्यक्षको समूहले गर्ने छ भन्ने वाक्य विश्वविद्यालयको ऐनमा राखी तदनुरूप विश्वविद्यालय सञ्चालन गरे भइहाल्यो नि । होइन, विश्वविद्यालय राम्रैसँग सञ्चालन गर्ने हो भने विश्वविद्यालयको ऐनले तोकेबमोजिम नै सञ्चालन हुने वातावरण तयार गर्न राजनीतिक दल सहमत हुनै पर्छ । अन्यथा विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिने भन्ने दिवास्वप्न मात्रै हुने छ । संघ सङ्गठन अनावश्यक अवश्यै होइनन् । संघ सङ्गठनले आफ्नो भूमिका बदल्न मात्रै आवश्यक छ । विश्वविद्यालयलाई प्राज्ञिक उन्नयनको बाटोमा अघि बढाउन सङ्गठन क्रियाशील हुनु पर्छ । आफ्ना सदस्यमाथि निरङ्कुशता लाद्न खोजियो वा विश्वविद्यालयका पदाधिकारी निरङ्कुश र बेपर्वाह हुँदै गए भने सचेत गराउने पनि संघ सङ्गठनले नै हो । विश्वविद्यालयमा प्राज्ञिक स्वतन्त्रता कायम गर्न दृढ रहने पनि संघ नै हो तर प्राज्ञिक स्वतन्त्रता भनेको उच्छृङ्खलता कदापि होइन ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

चन्दले सञ्चारकर्मीहरूलाई दिए विशेष धन्यवाद

झापा(प्रस)। जिल्ला प्रहरी कार्यालय झापामा प्रहरी प्रवक्ताको रूपमा एक वर्षको कार्यकाल बिताएर भर्खरै सरुवा भएका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने सम्पूर्ण सञ्चारकर्मीहरूमा विशेष धन्यवाद ज्ञापन गरेका छन् ।

काठमाडौंको जनसेवा वृत्तमा सरुवा भएका चन्दले सबैप्रति हार्दिक आभार व्यक्त गरेका हुन् । उनले भनेका छन् ‘ जिल्ला प्रहरी कार्यालय झापामा प्रहरी प्रवक्ताको रूपमा एक वर्षको अवधिमा रहँदा मलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सम्पूर्ण सञ्चारकर्मी मित्रहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु । मेरो झापा बसाइँको क्रममा शान्ति सुरक्षा कायम राख्न सहयोग गर्नुहुने कोशी प्रदेश सरकार, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर, जिल्ला प्रशासन कार्यालय झापा, राजनीतिक दल, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुखज्यू, सशस्त्र प्रहरी बल लगायत सरकारी निकायहरू, समाजसेवी, विभिन्न संघ-संस्था उद्योग-व्यवसायीमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत सिनियर तथा जुनियर प्रहरी अधिकृतहरू एवम् सक्कल दर्जाका सम्पूर्ण प्रहरीमा समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु ।’

झापामा एक वर्षअघि आएका चन्द अपराध अनुसन्धानमा अब्बल सावित भएका थिए । प्रहरी संगठनभित्र स्वच्छ छवि र विषयविज्ञको रुपमा आफ्नो परिचय स्थापित गर्न सफल प्रहरी नायव उपरीक्षक चन्दले झापामा रहँदा अपराध न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनले झापाली आमा-बुबा, दाजुभाइ तथा दिदीबहिनीको साथ र सहयोगकै कारण झापामा अपराध न्यूनीकरणमा आफूहरु सफल बनेको उल्लेख गरेका छन् ।

समाजमा शान्ति सुरक्षा कायम गर्न नागरिकसँग हातेमालो गर्दै समुदाय साझेदारीअन्तर्गत विभिन्न कार्यक्रमहरूलाई प्रहरी प्रवक्तासमेत रहेका चन्दले निरन्तरता दिएका थिए । झापामा भएका हत्या, चोरी, दुर्घटनालगायतका अपराध तथा राजनीतिक समूहहरूले गरेका आन्दोलनलाई समाधान गर्दै समाजमा शान्ति सुरक्षा कायम राख्न प्रहरी नायव उपरीक्षक चन्दले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनले झापा बसाइँको क्रममा सहयोग गर्ने सबैको सहयोग, सद्भाव र माया मनमा लिएको भन्दै आफू जहाँ भएपनि झापा बसाइँका क्रममा आफूले सिकेका ज्ञान र अनुभवहरूलाई प्रयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

प्रहरी प्रधान कार्यालयले नेपाल प्रहरीका १० जना डिएसपीको काज सरुवा गरेको हो । रिक्त रहेका कार्यालयहरूमा काज सरुवा भएको हो । चन्दसंगै इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायव उपरीक्षक मिमबहादुर लामाको पनि सरुवा भएको छ । लामाको मानव स्रोत विकास विभागमा सरुवा भएको हो । उनको ठाउँमा राजन लामा आउने भएका छन् । त्यस्तै जिल्ला प्रहरी कार्यालय झापामा खगेन्द्र खड्का आउने भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

हिमालयन लाइफ इन्स्योरेन्स लि.
प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१.	Gli०२३००१२७४१	सन्ध्या मास्के	मेचीनगर-६ ,झापा

नोट : माघ ३ गते प्रकाशित सूचनामा सन्ध्या मास्के हुनुपर्नेमा अन्यथा भई पुनः सच्याइ प्रकाशित गरिएको छ ।

हिमालयन लाइफ इन्स्योरेन्स लि.
प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१.	Pli 1330004757	बिनोद मरासिनी	बिर्तामोड-८ ,झापा

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

वृष धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

मिथुन मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

कर्कट आज पहेँलो रङ्को पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

सिंह आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

कन्या कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

तुला न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

वृश्चिक आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

धनु आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

कुम्भ आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

मिन अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।